जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक २ | २०७८ साल साउन २ गते शनिबार (17 July 2021 Saturday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : पछिल्लो आर्थिक अवस्थाबारे ... ३ पृष्ठमा : कांग्रेसको ७५ जिल्लाका ३ पृष्ठमा : कोरोना भाइरस सङ्क्रमणबाट...

# तिरहुतका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच मतभेद हुँदा झण्डै ५ करोड रकम फ्रिज

**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

झण्डै डेढ महिनादेखी सप्तरीको तिरहुत गाउँपालिकाका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतबीच विभिन्न विषयमा मतभेद हुँदा झण्डै ५ करोड रकम फ्रिज भएको छ ।

उपभोक्ता समिति र विभिन्न निर्माण कार्यको भुक्तानी असार ३१ गतेसम्म पनि हुन नसक्दा उक्त रकम फ्रिज भएको हो ।

विभिन्न सम्पन्न योजनाको उपभोक्ता समितिलाई भुक्तानी नदिएका कारण सबै भन्दा बढी प्रदेशस्तरिय विकासीय बजेटको रकम फ्रिज भएको गाउँपालिका




अध्यक्ष हेमन्त बहडखेरले जानकारी दिएका छन् ।

उपभोक्ता समितिको दबाब तथा कार्यालयको कामकाज समेत प्रभावित बन्दै गएपछि शुक्रबार बहडखेरले कार्यालयमै पत्रकार सम्मेलनको आयोजना गर्दै प्रमुख प्रशासकीय अधिकृत साहका कारण यस्तो समस्या उत्पन्न भएको आरोप लगाएका छन् ।

झण्डै दुई महिना अघि मात्र सप्तरीकै रुपनी गाउँपालिकाबाट महदेवा गाउँपालिका कार्यालयमा सरुवा भई आएकी तर, महदेवाबाट एक/दुई दिनमै सरुवा भई तिरहुत आएकी प्रमुख प्रशासकीय अधिकृत रेणुका साह र अध्यक्षबीच मतभेद हुँदा

*बाँकी तीन पृष्ठमा*

# क्षमता भन्दा तीन गुणा कैदीबन्दी

**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

सप्तरी कारागार राजविराजमा क्षमता भन्दा तीन गुणा कैदीबन्दी भरिएपछि कारागारलाई व्यवस्थापन गर्न सास्तीसँगै कठिनाई भएको छ ।

एक सय २५ जना क्षमता भएको उक्त कारागारमा हाल १४ महिलासहित ३ सय ६८ जना कैदीबन्दी रहेको कारागारका जेलर सुमन कोइरालाले जानकारी दिएका छन् ।

राणाकालमै निर्माण भएको मुलुककै पूरानो मध्येका एक राजविराज कारागारको पूरानो घर जिर्ण हुनुका साथै क्षमता भन्दा

*बाँकी अन्तिम पृष्ठमा*




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**दुई पाङ्ग्रे सवारी साधनको अगाडी/पछाडी स-साना बालबालिका राखी सवारी साधन चलाउँदा अनिवार्यरुपमा बालबालिकालाई सुरक्षित बेल्टले बाँधी आवश्यकताअनुसार हेल्मेटसमेत लगाईदिने गरौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं

# थप १६ लाख मात्रा खोप अनुदान दिने चीनको निर्णय

काठमाडौँ, १ साउन (रासस)।

चीन सरकारले नेपाललाई थप १६ लाख मात्रा खोप अनुदानस्वरूप उपलब्ध गराउने निर्णय गरेको छ।

प्रधानमन्त्री शेरबहादुर देउवासँग शुक्रबार प्रधानमन्त्री निवासमा शुक्रबार अपराह्न भएको शिष्टाचार भेटमा नेपालका लागि चीनका राजदूत हउ यान्छीले चीन सरकारको हालैको उक्त निर्णयबारे जानकारी दिनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

परराष्ट्र मन्त्रालयकोसमेत कार्यभार सम्हाल्नुभएका प्रधानमन्त्री देउवाले खोप सहायताका निम्ति चिनियाँ सरकारप्रति आभार प्रकट गर्दै कोभिड–१९ विरुद्धको प्रतिकार्य र पुनःआरोग्य प्राप्तिमा नेपाललाई थप सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।

त्यस अवसरमा उहाँहरूबीच नेपाल–चीन सम्बन्धका विविध विषयमा विचारविमर्श भएको थियो। राजदूत यान्छीले खोपसहायतालगायत अन्य माध्यमबाट पनि कोभिड–१९ महामारीविरुद्धको नेपालको लडाइँमा चीनबाट निरन्तर सहयोग हुने प्रतिबद्धता व्यक्त गर्नुभएको उक्त मन्त्रालयले बताएको छ।

# थप दुई हजार ९३६ मा सङ्क्रमण पुष्टि

काठमाडौँ, १ आउन (रासस)।

पछिल्लो २४ घण्टामा थप दुई हजार ९३६ जनामा कोरोना भाइरस (कोभिड–१९) सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार ९ हजार ६१३ जनाको पीसीआर तथा चार हजार ५६९ जनाको एन्टिजेन परीक्षण गरिएकामा क्रमशः दुई हजार ६ र ९३० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो।

यस अवधिमा देशभर ४३ जना सङ्क्रमितको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। यो सङ्ख्या बिहीबारभन्दा नौ जनाले बढी हो। हालसम्म नेपालमा नौ हजार ५०६ जना सङ्क्रमितको मृत्यु भएको छ। त्यस्तै देशभर एक हजार ७५७ जना उपचारपछि निको भएर घर फर्किएका छन्।

नेपालमा सङ्क्रमितको निको हुने दर ९४ दशमलव ५ प्रतिशत छ। नेपालमा हालसम्म छ लाख २८ हजार २४३ जना सङ्क्रमित निको भइसकेको स्वास्थ्य मन्त्रालयले जनाएको छ। हाल २४ हजार २७४ जना होम आइसोलेशनमा रहनुभएको छ भने दुई हजार ५५३ ले संस्थागत आइसोलेशन, ५७८ जना आइसीयू र १७४ जनाले भेन्टिलेटरमा उपचार गराई रहनुभएको छ।

# तीन बालकको पानीमा डुबेर मृत्यु

धनुषा, १ साउन (रासस)।

धनुषा र महोत्तरीमा पानीमा डुबेर तीन बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा धनुषामा एकै परिवारका दुइ बालक रहेका छन्।

धान रोप्न आमाबुबासँगै खेतमा गएको बेला नजिकै रहेको मखनाहा नदीमा नुहाउने क्रममा डुबेर दुवै बालकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

धनौजी गाउँपालिका–५ बहुअर्वाका श्रीकिशुन कापरका आठ वर्षीय छोरा राकेश कापर र दिपु कापरका छ वर्षीय छोरा आशिकको मृत्यु भएको हो। दुवै शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ। त्यसैगरि महोत्तरीको जलेश्वरमा पोखरीमा डुबेर एक बालकको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार जलेश्वर–५ बस्ने चार वर्षीय आरुष कापर आफ्नै घरदेखि एक किमि पश्चिममा रहेको पोखरीमा डुबेर मृत्यु भएको हो।

बालक डुबेको खबर प्राप्त भएपछि तत्काल प्रहरी चौकी पर्साापतैली र जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट प्रहरी गएर बालकको उद्धार गरी उपचारार्थ जिल्ला अस्पताल जलेश्वर पठाइएको थियो।

उपचारको क्रममा बालकको मृत्यु भएको प्रहरीले जनाएको छ। एक महिनाअघि धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिकामा खाल्डोमा डुबेर एकै पटक पाँच बालिकाको मृत्यु भएको थियो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पछिल्लो आर्थिक अवस्थाबारे छिट्टै श्वेतपत्र जारी गरिने

काठमाडौँ, १ साउन (रासस)।

अर्थमन्त्री जनार्दन शर्माले मुलुकको पछिल्लो आर्थिक अवस्थालाई विश्लेषण गरेर श्वेतपत्र ल्याउने घोषणा गर्नुभएको छ।

सिंहदरबारस्थित अर्थमन्त्रालयमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उहाँले अहिले आफू अर्थतन्त्रको अध्ययनको क्रममा रहेको जानकारी दिनुभयो। "अहिलेसम्मको यथार्थ अवस्था के छ त ? त्यसले कतातर्फ कस्तो सङ्केत गरिरहेको छ ? श्वेतपत्र भन्नुस् वा यथार्थपत्र भन्नुहोस् मन्त्रालयको तर्फबाट प्रस्तुत गर्नेछु", अर्थमन्त्री शर्माले भन्नुभयो।

उहाँले सबै वस्तुस्थिति बुझेर केही दिनभित्रैमा अर्थतन्त्रको समग्र अवस्थाबारे सार्वजनिक गर्ने प्रतिबद्धता जनाउनुभयो। सोही क्रममा सरकारको समग्र भावी योजनासमेत सँगसँगै सार्वजनिक गर्ने पनि उहाँले बताउनुभयो। अर्थमन्त्री शर्माले अहिलेको परिस्थितिलाई सहज र आर्थिक क्रियाकलापलाई चलायमान गराउँदै गत वर्षको कमीकमजोरीलाई समेत सच्याएर अघि बढ्ने क्रममा मन्त्रालय रहेकोसमेत उहाँले उल्लेख गर्नुभयो। सबै विषयमा मन्त्रालय गम्भीर छलफल गरी समाधानको उपाय खोजी गरिरहेकोसमेत उहाँले जानकारी गराउनुभयो।

अध्यादेशमार्फत आएको बजेटलगायतको विषयमा सदनमा प्रस्तुत हुने भएकाले त्यो सदनले नै निर्णय गर्ने उहाँले बताउनुभयो। उहाँले आफूले जिम्मेवारी पाइसकेपछि दैनिक गर्नुपर्ने काम मात्रै गरिरहेको र समग्र विषयमा महाशाखाका अधिकारीसँगको छलफललाई तीव्र पारिरहेको उहाँले बताउनुभयो।

मन्त्री शर्माले भन्नुभयो, "सबै क्षेत्रका आआफ्ना माग छन्, समावेश गर्नुपर्ने कुरा पनि आएका छन्, सबै कुरा छलफलकै क्रममा छ, त्यसैको आधारमा मुलुकको आर्थिक मानचित्र तयार पारिनेछ।" उहाँले पुँजी बजारलगायतका समस्या रहेको जानकारी गराउँदै त्यसलाई सर्वसाधारण जनताको हितमा हुने गरी कसरी काम गर्न सकिन्छ भनेर योजना निर्माण गरिनसमेत आश्वासन दिनुभयो। उहाँका अनुसार पुँजीबजारले रु १४ अर्बको राजस्व योगदान गर्दै आएको छ।

# वैदेशिक रोजगारीमा जाने श्रमिकलाई खोपको सुनिश्चित गर्न आग्रह

काठमाडौँ, १ साउन (रासस)।

राष्ट्रिय मानव अधिकार आयोगले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकका लागि गन्तव्य देशमा जानु अगाडि स्वदेशमै एक पटकमात्र लगाए हुने खोपको व्यवस्था गर्न सरकारसँग आग्रह गरेको छ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा गन्तव्य मुलुकले समेत मान्यता दिएको कोभिड–१९ को जोखिमबाट बच्न सकिने खोप लगाउने वा अन्य वैकल्पिक व्यवस्था गर्न आग्रह गरिएको छ। गन्तव्य मुलुकमा नेपाली श्रमिकलाई पर्नसक्ने कठिनाइको न्यूनीकरणका लागि आवश्यक सहजीकरण गरी नेपाली श्रमिकको मानव अधिकारको संरक्षण गर्नुपर्नेमा जोड दिइएको छ।

श्रम गन्तव्य मुलुकहरूमा कोभिड–१९ महामारी नियन्त्रणका सम्बन्धमा उल्लेखित व्यवस्थाका कारण वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई आर्थिक व्ययभार बढ्ने देखिएको छ। यसै सन्दर्भमा वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई कोभिड–१९ विरुद्धको खोप तत्काल व्यवस्थापन गर्न कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रलगायत अन्य सम्बन्धित निकायलाई आयोगले पत्राचार गरेको छ।

कोभिड–१९ को दोस्रो लहरको अवस्थामा पनि कतार, साउदी अरबलगायतका नेपाली आप्रवासी श्रमिकको प्रमुख गन्तव्य मुलुकहरूमा कोभिड–१९ महामारी नियन्त्रणका लागि खोप नलगाई प्रवेश गरेका नेपाली श्रमिकलाई तोकिएको समय अनिवार्य क्वारेन्टिन बस्नुपर्ने, पीसीआर परीक्षण गर्नुपर्ने तथा पीसीआर परीक्षण नेगेटिभ आए पनि क्वारेन्टिनमा रहनैपर्ने व्यवस्था भएका स्वास्थ्य निर्देशिका लागू गरिएको पाइएको छ।

कोभिड–१९ महामारीमा नेपाली आप्रवासी श्रमिकको मानव अधिकारको अवस्था सम्बन्धमा गतवर्षदेखि नै अध्ययन तथा अनुगमन गर्दै आइरहेको आयोगले जनाएको छ। आयोगले गरेको अध्ययन तथा अनुगमनबाट गन्तव्य देशमा एकतर्फी रूपमा करार भङ्ग गर्ने, बेतलवी बिदामा बस्न बाध्यपार्ने, कामबाट निष्कासन गर्ने, पूरा तलब/सुविधा भुक्तानी नदिने, जबरजस्ती श्रममा लगाउने, मापदण्डभन्दा बढी समय वा जोखिमयुक्त काममा लगाउनेलगायतका तथ्यहरू प्राप्त भएका थिए।

उक्त तथ्यहरूको आधारमा आयोगले आप्रवासी श्रमिकलाई उद्धार, स्वदेश फिर्ती तथा पुनःएकीकरण गराई उनीहरूको मानव अधिकार संरक्षणका लागि आवश्यक पहल गर्न सरकारलाई सिफारिस गरेको थियो।

# फैसलाले दलीय संरचना समाप्त भयो : ओली

काठमाडौँ, १ साउन (रासस)।

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सर्वोच्च अदालतको आदेशको फैसलाले दलीय संरचना समाप्त पार्ने बताउनु भएको छ।

नयाँ वानेश्वरस्थित संसद् भवनमा एमालेको संसदीय दलको बैठकलाई सम्बोधन गर्दै उहाँले दलबाट निर्वाचित सांसदलाई दलीय ह्वीप नलाग्ने आदेश दिनु गलत भएको बताउनुभयो।

किर्ते कागजलाई मान्यता दिएर अल्पमतलाई सरकार बनाउन परमादेश दिइएको आरोप लगाउँदै पूर्वप्रधानमन्त्री आलीले आफूले पुनः जनादेशबाट सरकारको नेतृत्व गर्ने बताउनुभयो। उहाँले सर्वोच्चको आदेशअनुसार नै आफू अब संसद्मा रचनात्मक प्रतिपक्षको भूमिका खेल्ने बताउनुभयो।

एमालेका प्रमुख सचेतक विशाल भट्टराईलका अनुसार बाढी र पहिरोबाट पीडित भएकाको क्षतिपूर्ति र घाइतेको निःशुल्क उपचार गर्न सरकारसँग माग गरिएको छ। बैठकले यस्तै कोरोना भाइरसविरुद्धको खोप सबै नागरिकलाई उपलब्ध गराउने समेत आग्रह गरेको छ। बैठकमा अध्यक्ष ओली आफ्नो नेतृत्वमा भएको सरकारले गरेका कामबारे जानकारी गराउनु भएको थियो।

प्रमुख सचेतक भट्टराईले केही समयदेखि पार्टीका सांसद असन्तुष्टि भएर बैठकमा अनुपस्थिति रहँदै आएकोप्रति बैठकले गम्भीरतापूर्वक लिएको र कार्यदलले बुझाएको १० बुँदे सहमति कार्यन्वयन गरेर पार्टी एक ढिक्का बनाउनुपर्नेमा जोड दिएको बताउनुभयो।

उहाँले असन्तुष्टि पक्षलाई समेटर अर्को बैठकमा उपस्थित गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले सर्वोच्च अदालतको फैसलाको जनस्तरसम्म भण्डाफोर अभियान सञ्चालन गर्ने समेत बताउनुभयो।

# मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य सुचारू हुँदै

काठमाडौँ, १ साउन (रासस)।

निर्वाचन आयोगले आइतबारबाट मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने भएको छ।

आयोगको शुक्रबारको बैठकले साउन ३ गते आइतबारदेखि सबै निर्वाचन कार्यालयबाट मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सुचारू गर्ने निर्णय गरेको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिनुभयो।

प्रतिनिधिसभा जेठ ८ गते विघटन भई निर्वाचनको मिति घोषणा भएका कारण स्थगित गरिएकामा सर्वोच्च अदालतको आदेशमा पुनः स्थापनासँगै मतदाता नमावली सङ्कलन तथा अद्यावधिक सुचारु गरिने भएको हो।

# अवैध फोन नियन्त्रण गर्ने प्रणाली जडान

काठमाडौँ, १ साउन (रासस)।

नेपाल दूरसञ्चार प्राधिकरणले शुक्रबारदेखि अवैध फोन नियन्त्रण गर्ने प्रविधि जडान गरेको छ। आर्थिक वर्ष २०७८/०७९ को आयव्यय वक्तव्य सार्वजनिक गर्दै तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले शुक्रबारदेखि नेपालमा अवैध मोबाइल फोन नियन्त्रणमा आउने बताउनुभएको थियो।

बजेट वक्तव्यमा नै उल्लेख गरेअनुसार प्राधिकरणले शुक्रबारदेखि अवैध फोन नियन्त्रण गर्ने 'मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम' (एमडीएमएस) जडान गरेको हो। लामो समयको तयारीपश्चात् शुक्रबारदेखि उक्त प्रणाली जडान गरिएको हो। प्राधिकरणले मोबाइल सेटको आयात पूर्व अनिवार्यरुपमा प्राधिकरणबाट स्तर स्वीकृति गर्न तथा आइएमइआई नम्बर दर्ता गर्नुपर्ने प्रावधान रहेको भन्दै मोबालल डिभाइस म्यानेजमेन्ट सिस्टम लागू भएको जनाएको छ।

प्राधिकरणले एक सूचना सार्वजनिक गर्दै एमडीएमएस सिस्टम लागू भए पनि हाल सञ्चालनमा रहेका मोबाइल फोन सञ्चालनमा कुनै अवरोध नहुने जनाएको छ। "पहिलो चरणमा व्यावसायिक आयातकर्ताले मोबाइलको आयात गर्दा आइएमइआई रजिष्ट्रेशन मोबाइल डिभाइस मेनेजमेन्ट सिस्टममार्फत गर्ने व्यवस्था मिलाइएको छ, उक्त प्रणालीलाई क्रमशः पूर्णरुपमा लागू गरी मोबाइलको आयात एवं प्रयोगलाई थप व्यवस्थित, भरपर्दो र सुरक्षित बनाइनेछ", सूचनामा भनिएको छ।

एमडीएम प्रणालीले कर प्रणाली छलेका, नक्कल गरिएका र चोरीका मोबाइल दूरसञ्चार सेवामा प्रयोग गर्न नमिल्ने काम गर्छ। एमडीएमएसको सफ्टवेयर तथा हार्डवेयर राख्न प्राधिकरणले चाबहिलस्थित भवन निर्माण गरेको छ।

# कांग्रेसको ७५ जिल्लाको क्रियाशील सदस्यताको काम टुङ्गियो

काठमाडौं, १ साउन (रासस)।

नेपाली कांग्रेसले आसन्न १४औं महाधिवेशनका लागि क्रियाशील सदस्यताको काम अन्तिम चरणमा पुगेको जनाएको छ। पार्टीका पदाधिकारी र पूर्व पदाधिकारीको शुक्रबार बसेको बैठकमा क्रियाशील सदस्यता छानबिन समितिले बारा र सप्तरीबाहेक सबै जिल्लाको क्रियाशील सदस्यताको काम सम्पन्न भएको जानकारी गराएको हो।

बैठकमा समिति संयोजक रमेश लेखकले ७५ जिल्लाको क्रियाशील सदस्यताको काम सम्पन्न भएको र छिट्टै सम्पूर्ण विवरणसहितको प्रतिवेदन सभापति शेरबहादुर देउवालाई बुझाइने बताउनुभएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

बैठकले क्रियाशील सदस्यताको विवादले भएको ढिलाइलाई व्यवस्थापन गर्न पार्टीको केन्द्रीय निर्वाचन समिति, सहमहामन्त्री डा प्रकाशशरण महत र केन्द्रीय सदस्य डा मीनेन्द्र रिजाललाई निर्वाचन निर्देशिकामा रहेका अप्ठ्यारा सहजीकरण गर्ने जिम्मेवारी प्रदान गरेको छ।

क्रियाशील सदस्यतामा केही विवाद देखिए पनि यही विषयका कारणले महाधिवेशनको मिति भने नसर्ने भएको छ। बैठकमा प्रधानमन्त्री एवं पार्टी सभापति देउवाले महाधिवेशन निर्धारित मितिभन्दा एक दिन पनि पछाडि सार्न नसकिने बताउनुभएको मुख्यसचिव पौडेलले जानकारी दिनुभयो।

गत असार ४ गते सम्पन्न कांग्रेस केन्द्रीय समिति बैठकले पार्टीको १४औं महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौंमा गर्ने संशोधित कार्यतालिका पारित गरेको थियो। संशोधित कार्यतालिकानुसार गाउँ/नगर वडा अधिवेशन आगामी साउन १२ गते, गाउँ/नगरपालिका अधिवेशन साउन १६ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन साउन २० गते हुनेछ। यसैगरी प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २३ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २६ गते र प्रदेश अधिवेशन भदौ १ र २ गते निर्धारण गरिएको छ।

त्यस्तै क्रियाशील सदस्यताको सूचीमा केन्द्रीय सभापतिबाट हस्ताक्षर भई केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि गत असार ३० गतेभित्र तोकिएको थियो। तर सो अवधिमा काम सम्पन्न हुन नसकेकाले समितिले केही समय माग गरको छ।

# सर्भर ह्याक भएको छैन : नेपाल टेलिकम

काठमाडौं, १ साउन (रासस)।

नेपाल टेलिकमले आफ्नो सर्भरमा कुनै पनि ह्याक नभएको जनाएको छ। केही दिनयता ह्याकर समूहद्वारा टेलिकमको सर्भरमा आक्रमण गरिएको जस्ता खबर सार्वजनिक भएपछि कम्पनीले शङ्कास्पद डिभाइस बन्द गरेर छानबिन सम्पन्न गरेको थियो।

टेलिकमले एक विज्ञप्ति जारी गर्दै छानबिनबाट ह्याक भएर कुनै पनि डाटा चोरी भएको नदेखिएको जनाएको हो। "कम्पनीका सम्बन्धित विज्ञबाट विस्तृत छानबिनपश्चात् कम्पनीको कुनै पनि डाटा चोरी नभएको र समाचारमा उल्लेख गरिएको दाबीमा कुनै पनि सत्यता नरहेको निष्कर्ष निकालिएको वास्तविकता ग्राहकवर्गमा जानकारी गराउन चाहन्छौं", टेलिकमले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

ग्राहकसँग सम्बन्धित डाटा सुरक्षित राख्न कम्पनीले सुरक्षात्मक संयन्त्र अपनाउँदै आइरहेको र आगामी दिनमा समेत ग्राहकका विवरण सुरक्षित राख्नका लागि कम्पनी प्रतिबद्ध रहेको टेलिकमले जनाएको छ।

### *तिरहुतका अध्यक्ष ...*


प्रधानमन्त्री तराई मधेश समृद्धि कार्यक्रम तथा प्रदेश सरकारको सशर्त अनुदान तर्फको गरि करिब २ करोड ५० लाख रुँपैया फ्रिज भएको हो।

गाउँपालिकाको विभिन्न वडामा संचालित सडक ढलान, माटो ग्राभेल, विद्यालय र मन्दिर भवन निर्माण योजनाको काम वापत दिनु पर्ने भुक्तानी रकम फ्रिज हुँदा आफूहरु समस्यामा परेँ को भन्दै सम्बन्धीत योजनाका उपभोक्ता समितिका पदाधिकारीहरुले गुनासो गरेका छन्। उनीहरुले प्रमुख प्रशासकीय अधिकृत साहमाथी कारवाहीको माग गर्दै गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य समक्ष निवेदन पनि पेश गरेको उपभोक्ता समितिका अध्यक्ष रमानन्द चौधरीले बताए।

कतिपयले ऋण कर्जा लिएर काम गरेको बताउँदै उनीहरुले काम गरेपनि भुक्तानी नपाउँदा कसैलाई मुखै देखाउन नसक्ने अवस्थामा पुगेको पीडा समेत पोखेका छन्। प्रशासकीय अधिकृत साह विभिन्न वहाना बनाई नियमित रुपमा कार्यालयमा नआउने तथा फोन गर्दा पनि नउठाएको उनको भनाई छ।

गाउँपालिकाकी उपाध्यक्ष तिर्थमाया खत्वेले पनि प्रमुख प्रशासकीय अधिकृत साहकै कारण सम्पन्न भएको योजनाको भुक्तानी रोकिएको बताइन्। उनले उपाध्यक्ष अनुगमन समितिको संयोजक रहने व्यवस्था भएपनि अनुगमनमा प्रमुख प्रशासकीय अधिकृत साहले आफूलाई बेवास्ता गरि एक्लै अनुगमनमा जाने गरेको सुनाइन्।

यता प्रमुख प्रशासकीय अधिकृत साहले आफूमाथी लगाइएको आरोप गलत भएको दाबी गर्दै अधुरो योजनाको पनि पुरै भुक्तानी मागेपछि असहमति जनाई भुक्तानी रोकेको बताइन्। गाउँपालिकामा संचालित केही योजना पूरा नभइकन पूरै भुक्तानी दिनका लागि दवाब समेत आएको उनको भनाई छ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## विश्व समाचार

# कोरोना भाइरस सङ्क्रमणबाट ज्यान गुमाउनेको संख्या ४० लाख ६६ हजार नाघ्यो

बेइजिङ, १ साउन (रासस/सिन्ह्वा)।

कोरोना शुरु भएयता हालसम्म विश्वभर यस सङ्क्रमणबाट ज्यान गुमाउनेको संख्या ४० लाख ६६ हजार नाघेको छ।

जोन्स हप्किन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरणअनुसार विश्वभरमा ४० लाख ६६ हजार ५६१ जनाको मृत्यु भएको छ। विश्वभरी कूल सङ्क्रमितको संख्या १८ करोड ८९ लाख २५ हजार २२३ जना रहेका छन्।

विश्वभर तीन अर्ब ५३ करोड ७२ लाख ५५ हजार ५६४ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

# विश्वभर तीन अर्ब ५३ करोड ७२ लाख ५५ हजार ५६४ डोज खोप लगाइयो

बाल्टिमोर, मेरील्याण्ड, १ साउन (रासस/एएफपी)।

विश्वभर तीन अर्ब ५३ करोड ७२ लाख ५५ हजार ५६४ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। कोरोनाविरुद्ध खोप लगाएका दश देशको तथ्याङ्कहरु यस प्रकार रहेका छन्।

चीनमा एक अर्ब ४१ करोड ४६ लाख ९ हजार डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। भारतमा ३९ करोड ५३ लाख ४३ हजार ७६७ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

अमेरिकामा ३३ करोड ४९ लाख ४० हजार १९२ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। ब्राजिलमा ११ करोड ४१ लाख ५७ हजार १२५ डोज कोरोना भाइरसविरुद्ध लगाइएको छ।

बेलायतमा ८ करोड २१ लाख २७ हजार ३५५ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ। जर्मनी ८ करोड ४२ लाख ३ हजार ४३३ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

फ्रान्समा ६ करोड २४ लाख ५८ हजार २४१ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ। इटाली पाँच करोड ९९ लाख ६६ हजार ९०८ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

टर्कीमा ६ करोड १२ लाख ८१ हजार ७७३ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ। जापान ६ करोड ५१ लाख ८० हजार १७८ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

# अत्यधिक वर्षाको कारण युरोपमा बाढी : १०८ को मृत्यु

बर्लिन, १ साउन (रासस/एएफपी)।

अत्यधिक वर्षाका कारण आएको भीषण बाढीमा परी जर्मनी ९३ व्यक्तिको मृत्यु भएको स्थानीय अधिकारीहरुले शुक्रबार जानकारी दिएका छन्। त्यसैसँगै यस प्रकोपबाट युरोप जम्मा १०८ जनाको मृत्यु भएको समाचारमा जनाइएको छ।

धेरैको क्षति जर्मनीमा भएको छ भने बेल्जियममा कम्तीमा ११ जनाको मृत्यु हुनको साथै हराइरहेका मानिसहरूको सङ्ख्या बढी रहेको बताइएको छ।

जर्मनीको वेस्ट फेलिया प्रान्तका नर्थ राइने बाढीको सबैभन्दा बढी प्रभाव परेको बताइएको छ। यस प्रकोपबाट यहाँ ४३ व्यक्तिको मृत्यु भएको बताइएको छ। शुक्रवार उक्त क्षेत्रमा धेरै पानी पर्ने पूर्वानुमान गरिएको छ। क्षेत्रमा यसअघि नै ३१ व्यक्तिको मृत्यु भएको राज्यका अधिकारीहरुले जानकारी दिएका छन्।

विज्ञहरूले जलवायु परिवर्तनका कारण मौसमको कठोर प्रभावका घटना तीव्र रूपमा दोहरिरहने ठानिएको तर कुनै एक्लो घटनालाई त्यससँग जोड्नु जटिल भएको बताएका छ।

नर्थ राइन वेस्ट फेलियाका प्रमुख आर्मिन लशेटले अति प्रभावित क्षेत्रमा पुगेका बेला मौसमको पराकाष्ठाको निम्ति जलवायु परिवर्तनलाई दोष दिनु भएको छ।

हाल अमेरिका भ्रमणका क्रममा रहेकी जर्मनीकी चान्सलर एंगेला मर्केलले राष्ट्रपति जो बाइडेनसँग भेट गर्नुअघि उक्त बाढीलाई विपद्को संज्ञा दिनु भएको छ।

# एक हजार १ सय ४९ फरार प्रतिवादी पक्राउ, चार करोड बढी राजश्व संकलन

**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

अपराध नियन्त्रण तथा फरार प्रतिवादी पक्राउ अभियान चलाएपछि सप्तरी प्रहरीले एक वर्षको अवधीमा एक हजार बढी फरार अभियुक्तहरुलाई पक्राउ गरेको छ ।

आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्ममा विभिन्न मुद्दामा अदालतबाट कैद सजाय तोकिएका १ हजार १ सय ४९ जना फरार प्रतिवादी पक्राउ परेका हुन् ।

फरार प्रतिवादीसँगै प्रहरीले अवैध मालसमान जफ्तबाट ४ करोड भन्दा बढी राजश्व संकलन भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक राजेन्द्र धमलाले जानकारी दिएका छन् ।

यसरी पक्राउ पर्ने फरार प्रतिवादीहरुमा फौजदारी अन्तरगतका २ सय १ र देवानीतर्फका ९ सय ४१ जना छन् । पक्राउ परेका फरार प्रतिवादीबाट २ सय ४२ वर्ष ५ दिन कैद वक्यौता तथा जरिवानाको वक्यौता १ करोड १९ लाख ५४ हजार ८ सय १६ रुँपैया असुली भएको उनले जानकारी दिए ।

यस्तै यस अवधीमा भन्सार छली अवैध रुपमा भित्राइएका ३ करोड १७ लाख ५९ हजार १ सय ७६ रुँपैया बराबरको विभिन्न सरसमान जफत गरि तिलाठीस्थित राजविराज भन्सार कार्यालयमा बुझाइएको डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

## *क्षमता भन्दा ...*




धेरै कैदीबन्दी राख्नु पर्दा व्यवस्थापनमा कठिनाई थपिदै गएको उनको भनाई छ ।

दुई साता भित्रै चार/पाँच जनाले कैद भुक्तान गरि रिहा भए लगत्तै २५ जना थपिएको उनले जानकारी दिँदै हाल फरार प्रतिवादी पक्राउ गर्ने प्रहरीको अभियानले पनि कारागारमा कोचाकोच भएको बताए ।

कारागारमा सबैभन्दा बढी कर्तव्य ज्यान, लागुऔषध, चोरी, जबरजस्तीकरणी, ठगि र सार्वजनिक अपराधमा संलग्न भएकाहरु पूर्पक्ष तथा कैद सजाय भोगिरहेका छन् ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

<u>यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ</u>

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

<u>महत्वपूर्ण सवाल :</u>

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११९५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरससबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






राजविराज नगरपालिकाको कार्यालय, सप्तरी






नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money — Chaudhary Group


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*